वैठक संख्याः ५७

आज मिति २०७७।०७।२६ गते बुधबार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | अनुउपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | अनुउपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | अनुउपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुउपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुउपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुउपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर सातौ | उपस्थित |
| २ | झमक भट्टराई | अधिकृतस्तर छैठौ | उपस्थित |
| ३ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | उपस्थित |

**प्रस्तावहरु**

१. लोहन्द्रा र चिसाङ खोला IEE प्रतिवेदन सम्बन्धमा ।
२. तिहार र छैठको पर्व सम्बन्धमा ।
३. पशुपंक्षी माछापालन र दाना उद्योगको लागि बन्ने पूर्वाधार सम्बन्धमा ।
४. "घ" बर्गको निर्माण व्यवसाय ईजाजत सम्बन्धमा ।
५. कृषक समूह गठन, व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि — २०७५ संशोधन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १:** लोहन्द्रा र चिसाङ खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययनका लागि मिति २०७७ कात्तिक २० गते बेलबारी नगरपालिका, रंगेली नगरपालिका र कानेपोखरी गाउँपालिका र मिति २०७७ कात्तिक २४ गते बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, रंगेली नगरपालिका, केराबारी गाउँपालिका र ग्रामथान गाउँपालिकाको अन्तर स्थानिय तह संयुक्त समन्वय समितिको बैठकको सहमतिले बेलबारी नगरपालिकालाई IEE गर्ने गराउने जिम्मेवारी प्राप्त भएबमोजिम तपशिलमा उल्लेखित दुई खोलाका विभिन्न नाकाहरुको विभिन्न परामर्शदाताहरुबाट अध्ययन गरी पेश भएको प्रतिवेदन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को खण्ड प (७) र दफा ६२ (क) समेतका आधारमा बेलबारी नगरपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्थापन (नियमित र व्यवस्थित) गर्न बनेको ऐन - २०७५ को परिच्छेद — ६ को दफा १८ को उपदफा (२), बमोजिम तथा सम्बन्धित पालिकाहरुको कार्यपालिकाको निर्णयका आधारमा IEE प्रतिवेदन स्विकृत गरी ठेक्का प्रकृया बढाउने निर्णय गरियो ।

**तपशिल**

क) प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (लोहन्द्र खोला एकल प्याकेज) – २०७७
परामर्श दाता - जालपादेवि ग्रुप प्रा.लि काठमाण्डौं
ख) प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (लोहन्द्र खोला संयूक्त प्याकेज) – २०७७
कोशि सगरमाथा कन्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सलटेन्सी, काठमाण्डौं
ग) प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (चिसाङ खोला नहर माथी संयुक्त प्याकेज) – २०७७
परामर्श दाता — नित्य श्री डेप्लोपर्श प्रा.लि. हरिहर भवन, पुलचोक, ललितपुर
घ) प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (चिसाङ खोला नहर तल) – २०७७
परामर्श दाता — क्ले इन्जिनियरिङ कन्सलटेन्सी, काठमाण्डौं

**निर्णय नं. २ :** नेपालीहरुको महान चाड तिहार र छैठ परवको उपलक्ष्यमा समस्त बेलबारी नगरपालिकाहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै हाल कोभिड — १९ जोखिम कायमै रहेकोले सामुहिक रुपमा भेला भई देउसी-भैलो, सास्कृतिक कार्यक्रम, पटका पडकाउने जस्ता क्रियाकलाप नगर्न र तिहार, छैठ जस्ता कार्यक्रम उचित सतर्कताको साथ मनाउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** यस बेलबारी नगरक्षेत्रमा पशुपंक्षी माछापालन सँग सम्बन्धित पूर्वाधारको हकमा ७५ % र दाना उद्योग प्रयोजनका लागि बनेको संरचनामा ५० % नक्सा पास गर्दा राजस्व छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** बेलबारी नगरपालिका निर्माण व्यवसायि ईजाजत पत्र व्यवस्थापन कार्यविधि २०७५ को दफा ४ को उपदफा (१) बमोजिमको समितिबाट सिफारिस भए बमोजिम श्री पाराङगहा कन्ट्रक्शन प्रा.लि. बेलबारी — १ को आवश्यक प्रक्रिया र आधारहरु पुरा गरेको हुँदा ईजाजत पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :** बेलबारी नगरपालिका कृषक समूह गठन, व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि -२०७५ को प्रथम संशोधन २०७७ तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

| दफा/उपदफा | भएको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| दफा २ को परिभाषा उपदफा १ | दफा २ को परिभाषा उपदफा १ को खण्ड (ख) देखि (द) सम्म | दफा २ को परिभाषा उपदफा १ को खण्ड (क) देखि (थ) सम्म | क्र.स. मिलाउन आवश्यक भएकोले |
| दफा २ को परिभाषा उपदफा १ को खण्ड (च) | "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यक्ता र चाहानाहरु भएका न्यूनतम ७ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामुहिक प्रयत्न द्वारा प्राप्त गर्न वनाईएको संगठनलाई समूह जनाउदछ । | "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यक्ता र चाहानाहरु भएका न्यूनतम ५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामुहिक प्रयत्न द्वारा प्राप्त गर्न वनाईएको संगठनलाई समूह जनाउदछ । | समूह गठन र कार्यान्वयनमा सहजता कायम गर्न आवश्यक भएकोले |
| २. दफा ८ को कार्य समिति उपदफा (१) | कृषक समूहको कार्यसमिति रहने गरि समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको कार्यसमिति गठन गरिने छ ।<br>अध्यक्ष — १<br>उपाध्यक्ष — १<br>सचिव — १<br>कोषाध्यक्ष — १<br>सदस्य — ३<br>मिश्रित कृषक समूहको हकमा कार्य समितिको पदाधिकारी अन्तर्गत अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ पदमा महिला अनिवार्य हुनुपर्ने छ । यस बाहेक समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्रचार प्रसार उपसमिति तथा बजार | १. कृषक समूहको कार्यसमितिमा रहने गरि समाबेशी सिद्धान्तको आधारमा अध्यक्ष, सचिव सहित ५ जनाको हुनुपर्नेछ ।<br>२. समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्रचार प्रसार उपसमिति तथा बजार व्यवस्थापन उपसमिति जस्ता समितिहरु गठन गरी जिम्वारी प्रदान गर्न सक्नेछ ।<br>३. मिश्रित समूहको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिलाहरुको प्रतिनिधित्व हुनुपर्नेछ ।<br>४. समूह गठन एवम् हितकोष परिचालनको सन्दर्भमा | " " |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन उपसमिति जस्ता समितिहरु गठन गरी जिम्वारी प्रदान गर्न सक्नेछ । ऋण उपसमिति कोषाध्यक्षको संयोजकत्वमा गठन गर्नुपर्नेछ । मिश्रित समूहको हकमा कार्य समितिमा कम्तीमा ३५ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ । समूह गठन एवम् हितकोष परिचालनको सन्दर्भमा लोकतान्त्रिक पद्धती अवलम्बन गर्नुपर्नेछ । | लोकतान्त्रिक पद्धती अवलम्बन गर्नुपर्नेछ । | |

अनुसूची – १ दफा ११ को (१) संग सम्बन्धित भएको व्यवस्था

पदाधिकारीहरुको नाम

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | कोषाध्यक्ष | | | | | |
| ५ | | सदस्य | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |

अनुसूची – १ दफा ११ को (१) संग सम्बन्धित हुनुपर्ने व्यवस्था

पदाधिकारीहरुको नाम

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | सचिव | | | | | |
| ३ | | सदस्य | | | | | |
| ४ | | सदस्य | | | | | |
| ५ | | सदस्य | | | | | |